# आर्थिक वर्ष २०७६।०७७ को

# बजेट तथा कार्यक्रम

मेलौली नगरपालिका

मेलौली, बैतडी

सुदूर पश्चिम प्रदेश, नेपाल

३१ असार २०७६

मेलौली नगरपालिकाको चौथो नगर सभामा नगर उप-प्रमुख श्री कुमारी राधा ओझा ज्यू ले प्रस्तुत गर्नुभएको कार्यक्रम तथा बजेट

मेलौली नगरपालिकाको चौथो नगर सभाका सभाध्यक्ष ज्यू,
नगर सभाका सदस्यज्यूहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु,तथा
उपस्थित सम्पूर्ण महानुभावहरु ।

सार्वभौमसत्ता सम्पन्न यस नगरपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षित भएको छु ।

आ.व.०७६/७७ को बजेट प्रस्तुत गरिरहँदा मूलुकलाई यो अवस्था सम्म ल्याई पुर्‍याउन भएका विभिन्न समयमा जनआन्दोलन तथा शसस्त्र संघर्ष को स्मरण गर्दै आन्दोलनका क्रममा सहादत हुनु भएका सम्पूर्ण ज्ञात अज्ञात शहिदप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति आदर भाव प्रकट गर्दछु ।

हामी निर्वाचित भएर यस नगरपालिकाको विकास र समृद्धिमा लागेको दुइ बर्ष व्यतित भई सकेको छ । दुई बर्षको भोगाइको क्रममा विकास र समृद्धिको लागि हामी संग प्रसस्त अवसरहरु भए पनि विविध चुनौतीहरु पनि त्यतिकै रहेको हामीले अनुभव गरेका छौं । हिजो हामीले मेलौली नगरवासी जनताहरुमा गरेका प्रतिवद्धताबाट विचलित छैनौ, गरेका बाचाहरु मध्ये अधिकासं बाचाहरु पुरा भै सकेका छन् भने केही बाचाहरु पुरा हुने दिशातर्फ उन्मुख छन । साथै हामी सबै नगरपालिकावासी जनताहरुको इच्छा र गुनासो सुन्न सधै प्रतिवद्ध छौं । नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेका मार्गदर्शन, सिद्धान्त र कानूनी प्रावधान अनुसार नगरसभाका पदाधिकारी र कर्मचारी सँगको छलफल गरी कार्यक्रम र बजेट प्रस्तुत गरेको छु ।

**सभाध्यक्ष महोदय,**
**अब म हाल सम्म गरिएका मुख्य क्रियाकलाप तथा उपलब्धीहरुको संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।**

- मणिलेक मा.वि. र मणिलेक क्याम्पसमा भौतिक पूर्वाधार निर्माणका लागि आथिक सहयोग दिएको छ ।
- मेलौली न.पा.बाट सम्पुर्ण विद्यालयको नियमित अनुगमन भईरहेको छ ।
- मेलौली भगवती मन्दिरमा दुई कोठे भवन निर्माण भई धार्मिक पुस्तकालय संचालनमा आएको छ ।
- मेलौली न.पा.को विट्ठनेमा खेलमैदान (नगर स्टेडियम) निर्माण कार्य प्रारम्भ भएको छ ।
- विद्यालय स्तरीय, बक्तृत्वकला तथा हाजिरीजवाफ कार्यकम सम्पन्न भएका छन ।
- कुखुरापालन, बाखापालनतर्फ कृषकलाइ खोरसुधार, मासु पसल सुधार, पशुपञ्छी औषधी वितरण तथा भ्याक्सीनेसन, बोयर क्रस जातको बोका वितरण गरी समुह तथा व्यक्तिहरुलाई अनुदान प्रदान गरिएको छ । भैसीहरुमा खरी रोगका कारण लोप हुने अवस्थामा खरी रागको उपचारका लागि पेन्टासल्फेट औषधी वितरण गरिएको छ ।
- स्वास्थ्य चौकीको पहुँचवाट टाढा रहेका स्थानमा नगर स्वास्थ्य केन्द्र र स्वास्थ्य सेवा प्रदाय ईकाई थप भइ आधारभुत स्वास्थ्य सेवा संचालनमा आएका छन ।
- स्वास्थ्यका नियमित कार्यकम सामुदायिक स्वास्थ्य, खोप, पोषण, रोग नियन्त्रण, तालिम तथा विकास, भिटामिन क्याप्सुल वितरण, स्वास्थ्य सन्देश तथा सुचना प्रवाह, आमा सुरक्षा कार्यकम, स्वास्थ्य सामाग्री, निशुल्क औषधी वितरण, एम्बुलेन्स सेवा संचालन, खोप केन्द्रको निर्माण र स्वास्थ्य सिविर जस्ता कार्यकम वाट आधारभुत स्वास्थ्यमा सुधार भएको ।
- NO MORE HOME DELIVERY (**नो मोर होम डेलीभरी**) कार्यकमलाइ प्रभावकारी गरी संस्थागत सुत्केरी दर बढ्दै गएको छ ।
- जिल्ला आर्युवेद अस्पताल, काँडामा पञ्चकर्म सेवा संचालन भईसकेको छ।

- प्रत्येक विद्यालयमा बाल विकास केन्द्र स्थापना भईसकेका छन ।
- विदुर पुरुष, एकल महिला तथा टुहुरा बालबालिकाहरुलाई भत्ता वितरंण गरिएको छ ।
- नगरपालिकाको धार्मीक तथा पर्यटकिय स्थलको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रचार प्रसार गर्ने उदेश्यले धार्मीक तथा पर्यटकिय डकुमेन्ट्री तयार भएको छ ।
- न्यायिक समिति मार्फत न्यायिक मेलमिलाप गराउने कार्य प्रभावकारी रुपमा भईरहेको छ ।
- नगरपालिकाको वेभसाइट संचालनमा रहेको छ ।
- सामाजिक सुरक्षा लाभग्राही अनलाइनमा आवद्ध भैसकेको छ ।
- २८ वटा ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरु नगरसभा तथा कार्यपालिकाबाट पारित भइ कार्यान्वयनमा रहेको छन ।
- नगरपालिका स्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता तथा दोस्रो मेयरकप खुला महिलापुरुष भलिबल प्रतियोगिता सफलतापुर्वक सम्पन्न भएका र विभिन्न खेल प्रतियोगिताहरुमा उत्कृष्ट स्थान हासिल गर्न सफल भएको छ ।
- नगरपालिका भवन निर्माणको पहिलो तला सम्पन्न भएको छ ।
- नगरपालिकामा नेपाल टेलिकमको टावर स्थापना भएको छ ।
- सबै वडाहरुमा सडक संजाल विस्तार कार्यलाई निरन्तरता दिईएको छ ।
- नगरपालिका परिसर देखि वसपार्क हुदै मन्दिर सम्म सौर्य बत्ति जडान गरिएको छ ।

**सम्मानित सभाध्यक्ष महोदय,**
**तथा सम्मानित सभाका सदस्यज्यूहरु ।**

**"कृषि, पर्यटन, पुर्वाधार**
**मेलौली विकासको मुल आधार"**

भन्ने मुल नाराका साथ म अब आ.व.०७६/७७ को यस मेलौली नगरपालिकाको बजेट तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न गईरहेको छु ।

## १. आर्थिक क्षेत्र तर्फ :

- **"कृषि उत्पादनमा वृद्धि, मेलौली नगरपालिको समृद्धि"** भन्ने मूल नारा अवधारणा लिई प्रत्येक वडामा पकेट क्षेत्र निर्धारण गरी आवश्यक उन्नत मल, बिउबिजन, सिंचाई, प्राविधिक सहयोग प्रधान गरिनेछ ।
- प्रत्येक वडामा कम्तीमा एक जना कृषकलाई च्याउ खेतीको विशेष प्रोत्साहन गरिनेछ साथ साथै मौरीपालनमा पनि जोड दिईनेछ ।
- किसानको आर्थीकस्तर वृद्धि गर्न फलफूल खेतीतर्फ, ओखर, सुन्तला, मौसमी, अनार, नासपति, कागती, निम्बु, आरुबखडा, आँप, लिची, किवि, केरा इत्यादिमा जोड दिईनेछ ।
- नगरपालिकामा मसालाबाली खेती तिव्रता दिन अदुवा, बेसार, अलैची, टिमुर ईत्यादीमा दीर्घकालीन योजना बनाईनेछ ।
- नगरपालिकामा उत्पादित अन्नबाली, फलफूलको उत्पादन बढाउन साना साना सिंचाई, कुलो, सिंचाई पाईप, थोपा सिंचाई, मल्चीङ्ग इत्यादीमा जोड दिईनेछ ।

- किसानको उत्पादनलाई बजारीकरणमा सहज पुर्याउन कृषि हाट बजार निर्माणको आवश्यक व्यवस्था गरिनेछ ।
- यस नगरपालिका अधिकांस जनताको मुख्य पेशा भनेको कृषि भएकोले युवाहरुलाई कृषि क्षेत्रको विकासको लागि व्यवसायीक तालिम, प्राविधिक सहयोग गर्ने क्षेत्रमा लगानी गर्न व्यवस्था मिलाईनेछ ।
- **"दूध, फूल, मासुमा आत्मनिर्भर, स्वस्थ जीवनको आधार"** भन्ने मूल नारा लाई अवधारण लिई पशुपन्छी पालन लाई व्यवसायीकरण तर्फ उन्मुख गराउन पहल गरिने छ ।
- भैसीं लोप हुन गईरहेको अवस्थालाई मध्यनजर गर्दै भैसीं संरक्षण, प्रर्वधन गर्नका लागि प्रोत्साहन स्वरुप सुत्केरी भत्ताको व्यवस्था गरिनेछ ।
- पशुपन्छी जन्य उत्पादन वृद्धि गर्न नशल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम लागु गरिनेछ ।
- एउटै घरमा मानिस र पशु वस्तु राख्ने परम्परागत प्रथाले गर्दा जुनोसिस (पशुबाट मान्छेमा सर्ने) रोगहरुको जोखिम न्यूनीकरण गर्नका लागि पशुपन्छी राख्ने गोठ/खोर घर भन्दा अलगै निर्माण गर्ने व्यवस्था गरिनेछ ।
- कुखुरापालन, माछापालन, भैसीपालन, बाखापालनतर्फ युवा तथा कृषकलाइ खोर, पोखरीमा समुहमार्फत अनुदान दिइ आय आर्जनमा लगाइनेछ ।
- कृषि तथा पशु सेवातर्फ कार्यरत करार प्राविधिक कर्मचारीहरुलाई निरन्तरता दिईनेछ ।

- परम्परागत घट्टलाइ स्तरीकरण तथा प्रविधिमैत्री गर्ने कार्यक्रम संचालन मा जाड दिईएको छ ।
- यस न.पा भित्र रहेका उद्योग र व्यवसायलाई व्यवस्थित गरि करको दायरामा ल्याईएको छ ।

- यस न.पा भित्रका सबै ऐतिहासिक, पर्यटकीय तथा धार्मिक स्थलको स्रव्य दृष्य सामाग्री तयार गरी राष्टिय तथा अन्तराष्ट्रिय रुपमा प्रसार प्रचार गरीनेछ ।
- पर्यटन स्थल पहुँच मार्ग निर्माण विस्तार तथा स्तरीकरणमा जोड दिइने छ ।
- स्थानीय चाडपर्व, मेला, दिवस संरक्षण तथा सम्वर्द्धनका लागि प्रचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।
- **होम स्टे (घरवास)** कार्यक्रमको संचालन गर्न सम्भाव्यता अध्ययन गरीनेछ ।
- स्थानिय मौलिक संस्कृति, भाषा, भेषभुषा, सभ्यता, संगीत, नृत्यको संरक्षण तथा सम्वर्द्धनका लागि कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय मौलिक कला संस्कृतिको जगेर्ना गर्न संग्रहालय स्थापना कार्यलाइ थप प्रभावकारी वनाइ संचालनमा ल्याइनेछ ।

- नगरपालिका भित्रका सहकारी संस्थाहरुलाई उत्पादनशिल र रोजगारी सिर्जना गर्ने कार्यक्रम तर्फ प्रोत्साहित गरिनेछ ।
- सहकारीको अनुगमन निरीक्षण गरी वित्तीय सुशासन कायम गर्न तर्फ जोड दिइनेछ ।
- सहकारीको माध्यमवाट व्यवसायिक कृषि, घरेलु तथा साना उद्योगको स्थापना गरी नागरिकहरुको जीवनस्तर उकास्ने लिइनेछ ।

- नगरपालिका भित्रका सबै सहकारीलाइ मर्ज गर्न प्रोत्साहित गरी सहकारीको स्तरीकरण र सवलीकरण गर्ने लिइनेछ ।
- कृषि सहकारी गठन, पुर्नगठन, विस्तार गरि कृषिलाई सहकारीसँग जोड्ने अवलम्बन गरिने छ । प्रत्येक वडामा कृषि पाठशाला संचालन गरिनेछ ।

नागरिकलाई बैंकिङ्क सेवामा पहुँच अभिबृद्धि गर्न नगरपालिका भित्र स्थापित बैंक तथा वित्तीय संस्थाहरुलाई जनताको घर दैलोसम्म पुग्ने वातावरण सृजना गरिने छ ।

- वित्तिय क्षेत्रहरुलाई पूजी निर्माण हुने, उत्पादनशील क्षेत्र र रोजगारी सृजना हुने क्षेत्रहरुमा लगानी गर्न उपयुक्त वातावरण सृजना गरिनेछ ।
- यस नगरपालिका भित्र थप वित्तीय संस्था स्थापना गर्नका लागि आकर्षण गर्ने अवलम्बन गरिने छ ।
- युवाको मागमा आधारीत रहेर सीप विकास तालिम संचालन गरिनेछ ।
- रोजगारमुलक प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनलाई विशेष जोड दिईनेछ ।

सभाध्यक्ष महोदय

२. सामाजिक क्षेत्र तर्फ

- शिक्षा क्षेत्रमा भएको लगानिको प्रतिफलमा प्रभावकारीता अभिवृद्धी गर्न सेवाको गुणस्तरमा थप सुधारको व्यवस्था मिलाईने छ ।
- सीपयुक्त शिक्षाका लागी प्राविधिक तथा व्यवसायिक शिक्षालाई क्रमश: विस्तार गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माण कार्यलाई विद्यालयको भौतिक अवस्था संचालित कक्षा, विद्यार्थी संख्या र स्थलगत निरिक्षणको समेत आधार लिई वितरण गर्ने लिईनेछ ।
- खानेपानी तथा शौचालय निर्माणको कार्य विद्यार्थी संख्या तथा आवश्यकताको आधारमा विद्यालयहरुलाई उपलब्ध गराईने लिईनेछ ।
- नगरपालिकामा उत्कृष्ट विद्यालय तथा विद्यार्थी छनौट गरी पुरुस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- शशर्त अनुदान अन्तर्गतका विभिन्न कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गराईनेछ ।
- परिक्षा र मुल्याङ्कन कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
- न.पा. भित्र संचालित सामुदायिक क्याम्पसहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।
- प्र अ , विव्यस अध्यक्ष र शिक्षक अभिभावक संघ अध्यक्षका लागि नेतृत्व सीप र क्षमता विकास तालिम संचालन गरिनेछ ।
- शैक्षिक गुणस्तर सुधारका लागि नगरपालिकावाट संयुक्त अनुगमन गर्ने कार्यलाई निरन्तरता दिईनेछ
- बालविकास केन्द्रहरुलाई गुणस्तरीय बनाउने कार्य अगाडी बडाईनेछ । अतिरिक्त कृयाकलाप ( खेलकुद, हाजिरिजवाफ, एकलगीत, सामूहिक नृत्य र बक्तृत्वकला ) जस्ता कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

- शैक्षिक गुणस्तर सुधारका लागि निजी श्रोतका शिक्षकहरुलाइ व्यवस्थापन गर्ने र अध्यापन अनुमती प्राप्त शिक्षकहरुलाई अनुदान प्रदान गर्ने कार्यलाई विद्यालय र नगरपालिकाको साझेदारी कार्यक्रमको रुपमा निरन्तरता दिईनेछ ।
- भौतिक रुपमा अति आवश्यक देखिएका विद्यालयको पहिचान गरि पुर्वाधार विकास कार्यक्रम गरिने छ ।
- विद्यालय क्षेत्र सुधार योजना अन्तरगत क्षमता अभिबृद्धि तथा गोष्ठि संचालन गरिने छ ।
- टुहुरा र जेहेन्दार विद्यार्थि, शहिद वेपत्ता तथा घाइते परिवारका छोराछोरी, उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रबृत्ती दिईनेछ । साथै SEE परिक्षामा A+ ग्रेड रिजल्ट प्राप्त + २ मा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीलाई विशेष छात्रबृत्ती दिईनेछ ।
- प्रत्येक वडामा सामुदायीक सिकाइ केन्द्र मार्फत अनौपचारीक शिक्षा कार्यकम सन्चालन गरिनेछ ।
- स्वास्थ्य चौकी नभएको वडाहरुमा कम्तीमा ५ रोपनी जमिन को व्यबस्थाका लागी आवश्यक पहल गरिनेछ ।
- आगामी २ बर्ष भित्र No more home delivery अर्थात घरमा हुने सुत्केरीलाई शुन्यमा झार्न ब्रथिगं सेन्टरको स्तरोन्नती गरी नमुना ब्रथिगं सेन्टर निर्माण लाई निरन्तरता दिइएको छ ।
- जेष्ठ नागरिक, अपांगहरुको सामान्य स्वास्थ्य जाँच तथा उपचार, सुनौला हजार दिनका आमाहरुलाइ गर्भ जाँच, सुरक्षित प्रसुति सेवा, सुत्केरी जाँच, पोषण सम्वन्धी स्वास्थ्य शिक्षा तथा परार्मश दिन जनता केन्द्रित स्वास्थ्य सेवा कार्यकमलाई प्रभावकारी रुपमा कार्यान्वयन मा ल्याई अभिभावक संग सरकार प्रमुख कार्यक्रम संचालन गर्ने व्यवस्था गरीएको छ ।
- यस नगरपालिकाका कुपोषित बालबालिकाको स्वास्थ्य सुधारको लागि विभिन्न संघसस्थाहरु संग समन्वय तथा सहकार्य गरि बहु क्षेत्रीय पोषण योजनालाई सशक्त बनाईनेछ ।
- लक्षित वर्गका जटील अवस्थाका गर्भवती तथा प्रसुतीहरुको उपचार व्यवस्थापनको सहजिकरणका लागि आवश्यक कार्यक्रम संचालन गर्न व्यवस्था मिलाएको छ ।
- पूर्ण खोपको दिगोपनाका लागी प्रत्येक वार्ड मा समिक्षा सहित सुनिशचीता गर्न खोपको सूक्ष्म योजना तर्जुमा गर्ने कार्य लाइ निरन्तरता दिइएको छ ।
- प्रा.स्वा.केन्द्र केशरपुर लाई कोल्ड चेन सब सेन्टर को रुपमा व्यवस्थित बनाइने छ ।
- नियमित जाँच गर्ने गर्भवती र सुत्केरीलाई प्रोत्साहीत गरिने छ । यसका लागि महिला संग उप प्रमुख कार्यक्रम संचालन गर्न व्यवस्था मिलाएको छ ।
- मेडिक मोबाइल कार्यक्रम लाइ निरन्तरता दिइएको छ ।
- म.स्वा.स्यं.से. कार्यक्रम लाई गुणस्तरीय र व्यवस्थित गरिने छ ।
- आधारभुत स्वास्थ्य सेवाका लागि आबश्यक पर्ने निशुल्क औषधिको उपलब्धतालाई सुनिश्ति गर्न यथेष्ठ वजेटको व्यवस्था गरिएको छ ।
- सहयोगात्मक सुपरभिजन तथा अनुगमन र on site coaching (अन साईट कोचिङ) कार्यलाई ससक्त बनाउने व्यवस्था मिलाईएको छ ।
- उत्कृष्ट स्वास्थ्य सस्था, कर्मचारी र FCHV लाई प्रोत्साहन गर्न व्यवस्था मिलाईएको छ ।

- अनलाईन रिपोटिङ सिस्टमलाई व्यवस्थित गर्न प्रतेक संस्थालाई कम्पुटर उपलब्ध गराई तालिमको व्यवस्था मिलाईएको छ ।
- पुराना नोला, पौवा, धारा, संरक्षण सम्बर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।
- मेलौली न.पा. वडा नं. १, बिट्ठनेमा निर्माणाधीन नगरस्टेडियमको निर्माण कार्य द्रुत गतिमा अगाडी बढाउन रकम विनियोजन गरिएको छ ।
- खेलकुद प्रबर्द्धनका लागि बजेट विनियोजन गरिएको छ ।
- लक्षित कार्यक्रमका लागि बजेट बिनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय**

**३. भौतिक पूर्वाधार विकास तर्फ**

- नगरपालिकाको दोस्रो तल्ला थप निर्माणको लागी आवश्यक वजेट विनियोजन गरिएको छ।
- अधुरा सडकहरुको निर्माणकार्यलाई निरन्तरता दिईएको छ ।
- मुख्य सडकको स्तरोन्ती गने काम संघ र प्रदेशसंगको सहकार्यमा समपुरक कोष मार्फत अघि बढाउने व्यवस्था मिलाईएको छ ।
- अवरुद्ध भएका साना तथा मझौला सिचाईकुलो तथा पोखरी मर्मत गर्ने व्यवस्था मिलाईएको छ।
- कृषियोग्य जमिनको अधिकतम सदुपयोग गर्न आवश्यक सिचाईको व्यवस्था गरिएको छ।
- सुर्नया जलविद्युत योजनामा बजेट विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

वन वातावरण तथा विपद व्यवस्थापनका लागी आवश्यक वजेटको व्यवस्था गरिएको छ।

**(५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन कायम गर्ने विभिन्न कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाईएको छ ।**

- विदुर तथा टुहुरा भत्तामा मासिक रु ५०० थप गरिएको छ।
- नगरपालिका लाई आवश्यक पर्ने सवारी तथा अन्य उपकरणहरु खरिद गर्न रु.असी लाख वजेट विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय

उपरोक्त अनुसारको कार्यक्रम संचालन गर्नको लागि आगामी आ.ब.२०७६।०७७ मा देहाय बमोजिमको बजेट -(आय व्यय ) को विवरण (विनियोजन) प्रस्ताव गरेको छु ।

आय अनुमान

| | | |
|---|---|---|
| शशर्त अनुदान (संघीय सरकारबाट प्राप्त हुने | १९३५००००० | उनाइस करोड पैतीस लाख |
| वितय समानिकरण अनुदान(संघीय सरकारबाट प्राप्त हुने | ९३९००००० | नौ करोड उन्चालिस लाख |
| राजश्व बाडफाड(संघ सरकारबाट प्राप्त हुने ) | ७४२००००० | सात करोड बयालिस लाख |
| वितय समानिकरण अनुदान(प्रदेश सरकारबाट प्राप्त हुने ) | ६८७२००० | अडसठ्ठी लाख बहतर हजार |
| राजश्व बाडफाड(प्रदेश सरकारबाट प्राप्त हुने रु.) | १६१७००० | सोह्र लाख सत्र हजार |
| आन्तरिक आयबाट प्राप्त हुने रु. | ६५००००० | पैंसठ्ठी लाख |
| जम्मा | ३७६५८९००० | सैतीस करोड पैसठ्ठी लाख उनानब्बे हजार |

व्यय अनुमान

| विनियोजन शिर्षक | रकम रु | रकम अक्षरमा |
|---|---|---|
| चालु खर्च | ३८७१७००० | तीन करोड सतासी लाख सत्र हजार |
| चालु कार्यक्रम | ५४१००००० | पाच करोड एकचालिस लाख |
| नगरस्तरीय याजनाहरु | १७०००००० | एक करोड सत्तरी लाख |
| नगरस्तरीय लक्षित कार्यक्रम | ५०००००० | पचास लाख |
| नगरपालिका बाट वडामा संचालित कार्यक्रम | ८०००००० | असी लाख |
| वडा स्तरीय योजनाहरु | ४३७७२००० | चार करोड सैतिस लाख बहतर हजार |
| विपयगत शाखा तर्फ | १००००००० | एक करोड |
| आन्तरीक आयको विनियोजन | ६५००००० | पैसठ्ठी लाख |
| ससर्त अनुदान संघ | १९३५००००० | उन्नाईस करोड पैतिस लाख मात्र |
| कूल जम्मा | ३७६५८९००० | सैतिस करोड पैसठ्ठी लाख उनानब्बे हजार मात्र |

**सभाध्यक्ष महोदय,**

**आर्थिक विकास तर्फ** जम्मा १,०४, २०,००० एक करोड चार लाख बीस हजार गरी ५.६३ प्रतिशत रकम विनियोजन गरीएको छ ।

**सामाजिक विकास तर्फ** जम्मा ४,५५,१६,००० पाच करोड पचपन्न लाख सोह्र हजार २४.६० प्रतिशत रकम विनियोजन गरीएको छ ।

**पूर्वाधार विकास तर्फ जम्मा ७,४६,२१,०००** सात करोड छयालिस लाख एक्काईस हजार गरी ४०.३४ प्रतिशत रकम विनियोजन गरीएको छ ।

**वातावरण तथा विपद व्यवस्थापन तर्फ** जम्मा ५९०,००० पाच लाख नब्बे हजार गरी ०.३२ प्रतिशत रकम विनियोजन गरीएको छ ।

**संस्थागत विकास तथा सेवा प्रबाह तर्फ जम्मा** ३०,२५,००० तीस लाख पच्चीस हजार गरी १.६५ प्रतिशत रकम विनियोजन गरीएको छ ।

**वितीय व्यवस्थापन र सुसासन तर्फ** जम्मा ५,००,००० पाच लाख गरी ०.२७ प्रतिशत रकम विनियोजन गरीएको छ ।

**कार्य संचालन तथा प्रशासनिक खचै तर्फ** ५, ०३,१७,००० पाच करोड तीन लाख सत्र हजार २७.२० प्रतिशत रकम विनियोजन गरीएको छ ।

**सभाध्यक्ष महोदय,**

यस कार्यक्रम तथा वजेटको सफल कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा विस्तार हुने, नागरिकहरुलाई नजिकबाट सेवा प्रवाह गरी सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सुचकहरु ( शिक्षा, स्वास्थ्य, भौतिक पुर्वाधार, सरसफाई खानेपानी) उल्लेखनीय प्रगती हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, राज्यले लिएका र दिगो विकासका लक्ष्य, विभिन्न रणनितिक योजनाहरुको लक्ष्य प्राप्तीमा महत्वपूर्ण भुमिका निवार्ह गर्ने अपेक्षा गरेको छु ।

प्रस्तुत वजेट तथा कार्यक्रम वनाउन मार्ग दर्शन गर्नुहुने यस नगरपालिकाका नगर प्रमुख ज्यु वडा अध्यक्ष ज्यूहरु, नगर कार्यपालिकाका सदस्य ज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितीका सदस्यज्यूहरु, विभिन्न शाखा प्रमुख तथा सम्पूर्ण कर्मचारी वर्गले बजेट पुर्व तयारी छलफलका क्रममा आ-आफ्नो क्षेत्रबाट सुझाब तथा सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै तथा कार्यकमको सफल र परिणाममुखि कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

धन्यबाद !
कुमारी राधा ओझा
नगर उप-प्रमुख

मैलोली नगर कार्यपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली बतडी

## आ.व २०७६।७७ को बार्षिक बजेट

| खर्च सकेत न. | खर्च शिर्शक | कार्यक्रम तथा आयोजनाको नाम | कार्यान्वन हुने स्थान | विनियोजित रकम | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | राजश्व बाडफांड संघ | राजश्व बाडफांड प्रदेश | वितिय समानिकरण संघ | वितिय समानिकरण प्रदेश | आन्तरिक श्रोत | जम्मा |
| २११११ | पारिश्रमिक कर्मचारी | मे.न.पा. | मे.न.पा | ७५०००००।०० | ७५०००००।०० | | ०।०० | | | ७५०००००।०० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | | मे.न.पा | ८००००००।०० | ८००००००।०० | | | | | ८००००००।०० |
| २११२१ | पोशाक खर्च | | मे.न.पा | ७०००००।०० | ७०००००।०० | | | | | ७०००००।०० |
| २११३१ | स्थानीय भत्ता | | मे.न.पा | २००००००।०० | २००००००।०० | | | | | २००००००।०० |
| २११३२ | महगी भत्ता | | मे.न.पा | १५००००।०० | १५००००।०० | | | | | १५००००।०० |
| २११३४ | कर्मचारी बैठक भत्ता | | मे.न.पा | ०।०० | ०।०० | | | | | ०।०० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | मे.न.पा | ०।०० | ०।०० | | | | | ०।०० |
| २११३९ | अन्य भत्ता | | मे.न.पा | २०००००।०० | २०००००।०० | | | | | २०००००।०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | | मे.न.पा | ०।०० | ०।०० | | | | | ०।०० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | | मे.न.पा | ०।०० | ०।०० | | | | | ०।०० |
| २२१११ | पानी तथा बिजुली | | मे.न.पा | १५००००।०० | १५००००।०० | | | | | १५००००।०० |
| २२११२ | संचार महसुल | | मे.न.पा | ३०००००।०० | ३०००००।०० | | | | | ३०००००।०० |
| २२२११ | ईन्धन पदाधिकारी | | मे.न.पा | ७५००००।०० | ७५००००।०० | | | | | ७५००००।०० |
| २२२१२ | ईन्धन कार्यालय प्रयोजन | | मे.न.पा | ८०००००।०० | ८०००००।०० | | | | | ८०००००।०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | | मे.न.पा | ६६७०००।०० | ६६७०००।०० | | | | | ६६७०००।०० |
| २२२१४ | विमा तथा नविकरण खर्च | | मे.न.पा | ४०००००।०० | ४०००००।०० | | | | | ४०००००।०० |
| २२२२१ | मेसनरी तथा औजार मर्मतख संभार तथा संचालन खर्च | | मे.न.पा | ५०००००।०० | ५०००००।०० | | | | | ५०००००।०० |
| २२३११ | मसलन्द तथा कायालय सामग्री | | मे.न.पा | २००००००।०० | १००००००।०० | | १००००००।०० | | | २००००००।०० |
| २२३१४ | ईन्धन अन्य प्रयोजन | | मे.न.पा | २०००००।०० | १०००००।०० | | १०००००।०० | | | २०००००।०० |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | | मे.न.पा | १५०००००।०० | १४५००००।०० | १७०००।०० | ३३०००।०० | | | १५०००००।०० |
| २२४११ | सेवा र परामर्श खर्च | | मे.न.पा | ५०००००।०० | ५०००००।०० | | | | | ५०००००।०० |
| २२४१३ | करार सेवा शुलक न.पा. | | मे.न.पा | ४००००००।०० | ४००००००।०० | | ०।०० | | | ४००००००।०० |
| २२४१९ | अन्य सेवा शुल्क | | मे.न.पा | ०।०० | ०।०० | | ०।०० | | | ०।०० |
| २२५११ | कर्मचारी तालिम खर्च | | मे.न.पा | ५०००००।०० | ५०००००।०० | | ०।०० | | | ५०००००।०० |
| २८१४२ | घर भाडा | | मे.न.पा | १२००००००।०० | १२००००००।०० | | ०।०० | | | १२००००००।०० |
| २८१४३ | सवारी साधन तथा मेसनरी औजार भाडा | | मे.न.पा | ५०००००।०० | ५०००००।०० | | ०।०० | | | ५०००००।०० |
| २८१४९ | अन्य भाडा | | मे.न.पा | ०।०० | ०।०० | | ०।०० | | | ०।०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४०५ | अनुगमन मूल्याकंन खर्च कर्मचारी | | मे.न.पा | १५०००००\|०० | १५०००००\|०० | | ०\|०० | | | १५०००००\|०० |
| | अनुगमन मूल्याकंन खर्च पदाधिकारी | | मे.न.पा | १५०००००\|०० | १००००००\|०० | | ५०००००\|०० | | | १५०००००\|०० |
| २२६१२ | भ्रमण खर्च | | मे.न.पा | ८०००००\|०० | ८०००००\|०० | | | | | ८०००००\|०० |
| २२६१३ | विशिष्ट व्यक्ती तथा प्रतिनिधी मण्डलको भ्रमण खर्च | | मे.न.पा | ५०००००\|०० | ५०००००\|०० | | | | | ५०००००\|०० |
| २२७११ | विविध खर्च | | मे.न.पा | १६०००००\|०० | १००००००\|०० | | ६०००००\|०० | | | १६०००००\|०० |
| २२७२१ | सभा संचालन खर्च | | मे.न.पा | ३०००००\|०० | | | ३०००००\|०० | | | ३०००००\|०० |
| | संचालन खर्चको जम्मा | | | ३८७१७०००\|०० | ३६१६७०००\|०० | १७०००\|०० | ३५३३०००\|०० | | | ३८७१७०००\|०० |
| | कार्यक्रम खर्च तर्फ | | | | | | | | | ०\|०० |
| | कर्मचारी तालिम खर्च | | मे.न.पा | ५०००००\|०० | २३००००\|०० | | २७००००\|०० | | | ५०००००\|०० |
| | स्वास्थ्य सेवा व्यक्ति करार | | मे.न.पा | ४३०००००\|०० | २३०००००\|०० | | २००००००\|०० | | | ४३०००००\|०० |
| | कृषि सेवा व्यक्ति करार | | मे.न.पा | ७०००००\|०० | ४०००००\|०० | ३०००००\|०० | | | | ७०००००\|०० |
| | पशु सेवा व्यक्ति करार | | मे.न.पा | १३०००००\|०० | ७०००००\|०० | ६०००००\|०० | | | | १३०००००\|०० |
| | शिक्षा सेवा व्यक्ती करार | | मे.न.पा | १०७०००००\|०० | १०००००००\|०० | ७०००००\|०० | | | | १०७०००००\|०० |
| | एकल पुरुष सुरक्षा भत्ता | | मे.न.पा | २००००००\|०० | १००००००\|०० | | १००००००\|०० | | | २००००००\|०० |
| | १ न वडा कार्यालय संचालन खर्च | | १ वडा | ४०००००\|०० | २०००००\|०० | | २०००००\|०० | | | ४०००००\|०० |
| | २ न वडा कार्यालय संचालन खर्च | | २ वडा | ४०००००\|०० | २०००००\|०० | | २०००००\|०० | | | ४०००००\|०० |
| | ३ न वडा कार्यालय संचालन खर्च | | ३ वडा | ४०००००\|०० | २०००००\|०० | | २०००००\|०० | | | ४०००००\|०० |
| | ४ न वडा कार्यालय संचालन खर्च | | ४ वडा | ४०००००\|०० | २०००००\|०० | | २०००००\|०० | | | ४०००००\|०० |
| | ५ न वडा कार्यालय संचालन खर्च | | ५ वडा | ४०००००\|०० | २०००००\|०० | | २०००००\|०० | | | ४०००००\|०० |
| | ६ न वडा कार्यालय संचालन खर्च | | ६ वडा | ४०००००\|०० | २०००००\|०० | | २०००००\|०० | | | ४०००००\|०० |
| | ७ न वडा कार्यालय संचालन खर्च | | ७ वडा | ४०००००\|०० | २०००००\|०० | | २०००००\|०० | | | ४०००००\|०० |
| | ८ न वडा कार्यालय संचालन खर्च | | ८ वडा | ४०००००\|०० | २०००००\|०० | | २०००००\|०० | | | ४०००००\|०० |
| | ९ न वडा कार्यालय संचालन खर्च | | ९ वडा | ४०००००\|०० | २०००००\|०० | | २०००००\|०० | | | ४०००००\|०० |
| | बिपद व्यवस्थापन कोष | | मे.न.पा | १५०००००\|०० | १००००००\|०० | | ५०००००\|०० | | | १५०००००\|०० |
| | मणिलेक क्याम्पस त.भ अनुदान | | मे.न.पा ७ | १५०००००\|०० | १००००००\|०० | | ५०००००\|०० | | | १५०००००\|०० |
| ३११२१ | सवारी साधन | | मे.न.पा | ८००००००\|०० | ४००००००\|०० | | ४००००००\|०० | | | ८००००००\|०० |
| २६३३४ | समपूरक अनुदान कोष | | मे.न.पा | २०००००००\|०० | १०००००००\|०० | | १०००००००\|०० | | | २०००००००\|०० |
| क | जम्मा | | | ५४१०००००\|०० | ३२४३००००\|०० | १६०००००\|०० | २००७००००\|०० | | | ५४१०००००\|०० |
| | नगर स्तरिय योजनहरु | | | | | | | | | |
| | नगर भवन १ तला माथि थप गर्न | | मे.न.पा | ८००००००\|०० | ४००००००\|०० | | ४००००००\|०० | | | ८००००००\|०० |
| | नगर भवन अगाडी फिल्ड निर्माणमा | | मे.न.पा १ | १५०००००\|०० | १००००००\|०० | | ५०००००\|०० | | | १५०००००\|०० |
| | नगर स्टेडियम निर्माणाधिनमा | | मे.न.पा १ | १००००००\|०० | ६०३०००\|०० | | ३९७०००\|०० | | | १००००००\|०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्याम्पसको निर्माणाधिन फिल्ड टेवा प्रखाल निर्माणमा | | मे.न.पा.१ | १५००००००\|०० | | | १५००००००\|०० | | | १५००००००\|०० |
| | क्याम्पसको निर्माणाधिन फिल्ड कटिङ | | मे.न.पा.७ | ४००००००\|०० | | | ४००००००\|०० | | | ४००००००\|०० |
| | घरेलु भवन निर्माणाधिनमा | | मे.न.पा १ | १५००००००\|०० | | | १५००००००\|०० | | | १५००००००\|०० |
| | आयुर्वेद अस्पताल निर्माणाधिनमा | | मे.न.पा.७ | ५००००००\|०० | | | ५००००००\|०० | | | ५००००००\|०० |
| | पुस्तकालय भवन निर्माणाधिनमा | | मे.न.पा.१ | ५००००००\|०० | | | ५००००००\|०० | | | ५००००००\|०० |
| | चमेना गृह निर्माण | | न.पा का | ५००००००\|०० | | | ५००००००\|०० | | | ५००००००\|०० |
| | केशरपुर एज्रा पिसिसि बाटो निर्माण | | मे.न.पा.७ | १००००००\|०० | | | १००००००\|०० | | | १००००००\|०० |
| | सुर्नया जलविद्युत सलेना | | मे.न.पा.२ | १००००००\|०० | | | १००००००\|०० | | | १००००००\|०० |
| | न्यायिक समिति | | न.पा का | ५००००००\|०० | | | ५००००००\|०० | | | ५००००००\|०० |
| | नगर स्तरिय योजनाको जम्मा | | | १७०००००००\|०० | ५६०३०००\|०० | | ११३९७०००\|०० | | | १७०००००००\|०० |
| | नगर स्तरिय लक्षित कार्यक्रम | | | | | | | | | १००००००\|०० |
| | महिला तथा बालबालिका तर्फ | | मे.न.पा | १००००००\|०० | | | १००००००\|०० | | | १००००००\|०० |
| | दलित लक्षित कार्यक्रम तर्फ | | मे.न.पा | १००००००\|०० | | | १००००००\|०० | | | १००००००\|०० |
| | नगरपालिकाको पार्श्वचित्र द प्रोफाईल निर्माण | | न.पा | १००००००\|०० | | | १००००००\|०० | | | १००००००\|०० |
| | पर्यटन गुरुयोजना | | न.पा | १००००००\|०० | | | १००००००\|०० | | | ५००००००\|०० |
| | द्वारिका देवी चन्द ठकुरानी प्रतिष्ठान नयाँ भवन निर्माण कन्चला | | मे.न.पा.७ | ५००००००\|०० | | | ५००००००\|०० | | | ५००००००\|०० |
| | राजश्व र जिन्सि व्यवस्थापन तालिम | | न.पा | ५००००००\|०० | | | ५००००००\|०० | | | ५०००००००\|०० |
| | जम्मा | | | ५०००००००\|०० | | | ५०००००००\|०० | | | |
| | नगरपालिका बाट वडामा संचालित कार्यक्रम | | | | | | | | | |
| | शितलपुर मावि सडक निर्माण र भवन मर्मत | | मे.न.पा.१ | ६००००००\|०० | | | ६००००००\|०० | | | ६००००००\|०० |
| | सड्डा सन्ना सिचाईकुलो निर्माण | | मे.न.पा.१ | २००००००\|०० | | | २००००००\|०० | | | २००००००\|०० |
| | स्याडी ग्रामिण सडक | | मे.न.पा.२ | ४००००००\|०० | | | ४००००००\|०० | | | ४००००००\|०० |
| | दुर्गास्थान।लिखोडा ग्रामिण सडक | | मे.न.पा.२ | ४००००००\|०० | | | ४००००००\|०० | | | ४००००००\|०० |
| | सलेना।कुजागाड सडक | | मे.न.पा.३ | ५००००००\|०० | | | ५००००००\|०० | | | ५००००००\|०० |
| | कुजागाड।सेला पुल निर्माण | | मे.न.पा.३ | ३००००००\|०० | | | ३००००००\|०० | | | ३००००००\|०० |
| | उदयदेव मन्दिर निर्माण तितावै | | मे.न.पा.४ | ८००००००\|०० | | | ८००००००\|०० | | | ८००००००\|०० |
| | छोयानी लिफ्टिङ खापा | | मे.न.पा.५ | ५००००००\|०० | | | ५००००००\|०० | | | ५००००००\|०० |
| | सिद्धेश्वर आवि | | मे.न.पा.५ | १००००००\|०० | | | १००००००\|०० | | | १००००००\|०० |
| | थाम सिचाई योजना | | मे.न.पा.५ | २००००००\|०० | | | २००००००\|०० | | | २००००००\|०० |
| | पेल्याल।मालेक खानेपानी | | मे.न.पा.६ | ५००००००\|०० | | | ५००००००\|०० | | | ५००००००\|०० |
| | पोखरी भराड।मेलौली मन्दिर सम्म पिसिसि बाटो निर्माण | | मे.न.पा.६ | ३००००००\|०० | | | ३००००००\|०० | | | ३००००००\|०० |
| | इडे काल्ल आर सि सि पुल | | मे.न.पा.७ | ४००००००\|०० | | | ४००००००\|०० | | | ४००००००\|०० |
| | गोराघर निर्माण मुसाड ओझागाँउ | | मे.न.पा.७ | ३५०००००\|०० | | | ३५०००००\|०० | | | ३५०००००\|०० |
| | गैरसैनी कृष्ण बाटो | | मे.न.पा.७ | ५०००००\|०० | | | ५०००००\|०० | | | ५०००००\|०० |
| | हरडाखान सिम दोगडा सडक | | मे.न.पा.८ | ६००००००\|०० | | | ६००००००\|०० | | | ६००००००\|०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विश्राम स्मृती प्रतिष्ठान | | मे.न.पा.९ | १००००।०० | | | १००००।०० | | | १००००।०० |
| | शिवकेदार मन्दिर मण्डव निर्माण तथा घेरवार | | मे.न.पा.९ | ५००००।०० | | | ५००००।०० | | | ५००००।०० |
| | कोल्तडा मन्दिर स्नान गृह बाटो निर्माण | | मे.न.पा.९ | १००००।०० | | | १००००।०० | | | १००००।०० |
| | सहकारी कम्प्युटर खरिद | | मे.न.पा.९ | १००००।०० | | | १००००।०० | | | १००००।०० |
| | पोखरी निर्माण वडा नं ७ | | मे.न.पा.७ | २००००।०० | | | २००००।०० | | | २००००।०० |
| | मौरी ईजर वर्थिंग. सेन्टर सडक | | मे.न.पा.८ | ४००००।०० | | | ४००००।०० | | | ४००००।०० |
| | कुन्थला भुभुरथला भोल नियन्त्रण | | मे.न.पा ६ | ४००००।०० | | | ४००००।०० | | | ४००००।०० |
| | न.पा. बाट वडा मा संचालित योजनाको जम्मा रकम | | | ८००००००।०० | | | ८००००००।०० | | | ८००००००।०० |
| | विषय गत शाखा तर्फका कार्यकमहरु | | न.पा | | | | | | | |
| | पशु तर्फ | | न.पा | २००००००।०० | | | ९२८०००।०० | १०७२०००।०० | | २०००००० |
| | कृषि तर्फ | | न.पा | २००००००।०० | | | १००००००।०० | १००००००।०० | | २०००००० |
| | स्वास्थ तर्फ | | न.पा | ३००००००।०० | | | १२०००००।०० | १८०००००।०० | | ३०००००० |
| | खेलकुद तर्फ | | | २००००००।०० | | | | २००००००।०० | | २०००००० |
| | शिक्षा तर्फ | | न.पा | | | | | | | |
| | सपोर्ट सोसाईटी नेपाल | | न.पा | ५०००००।०० | | | | ५०००००।०० | | ५००००० |
| | बोल्ने कलम | | | ५०००००।०० | | | | ५०००००।०० | | ५००००० |
| | जम्मा | | | १००००००।०० | | | ३१२८०००।०० | ६८७२०००।०० | | १०००००० |
| | वडास्तरिय योजनाहरु | | | | | | | | | |
| | वडा नं १ | | | ६१३००००।०० | | | ६१३००००।०० | | | ६१३००००।०० |
| | वडा नं २ | | | ५६२७०००।०० | | | ५६२७०००।०० | | | ५६२७०००।०० |
| | वडा नं ३ | | | ४७५००००।०० | | | ४७५००००।०० | | | ४७५००००।०० |
| | वडा नं ४ | | | ४३८००००।०० | | | ४३८००००।०० | | | ४३८००००।०० |
| | वडा नं ५ | | | ४५०००००।०० | | | ४५०००००।०० | | | ४५०००००।०० |
| | वडा नं ६ | | | ४३४५०००।०० | | | ४३४५०००।०० | | | ४३४५०००।०० |
| | वडा नं ७ | | | ५१९००००।०० | | | ५१९००००।०० | | | ५१९००००।०० |
| | वडा नं ८ | | | ४४४००००।०० | | | ४४४००००।०० | | | ४४४००००।०० |
| | वडा नं ९ | | | ४४१००००।०० | | | ४४१००००।०० | | | ४४१००००।०० |
| | वडा स्तरीययोजनाको जम्मा | | | ४३७७२०००।०० | | | ४३७७२०००।०० | | | ४३७७२०००।०० |
| | आन्तरिक आयको विनियोजन | | न.पा | | | | | | | |
| | पूर्वाधार विकास कार्यक्रम | | न.पा | ६५००००००।०० | | | | | ६५००००००।०० | ६५००००००।०० |
| आन्तरिक आयको विनियोजन को जम्मा | | | | ६५००००००।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ६५००००००।०० | ६५००००००।०० |
| | कूल जम्मा जम्मा विनियोजन रकम | | | १८३०८९०००।०० | ७४२००००००।०० | १६१७०००।०० | १३१००००००।०० | ६८७२०००।०० | ६५००००००।०० | १८३०८९०००।०० |

मेलौली नगरपालिका वडा नं १

आबा२०७६।०७७

बजेट तथा कार्यक्रम

कूल बजेट ६१३००००।००

| | योजनाको नाम | विनियोजित रकम | रकम रु हजारमा | कैफियत |
|---|---|---|---|---|
| | आर्थिक विकास | ८६०००० | | |
| १ | कृषि तर्फ | ३००००।०० | | |
| | अगुवा कृषक तालिम | ३००००।०० | | |
| ३ | धार्मिक तथा प्रर्यटन तर्फ | ८३००००।०० | | |
| | बामन राठ मन्दिर निर्माण | २५००००।०० | २५०।०० | |
| | दन्तोली समैजी मन्दिर निर्माण | २३००००।०० | २३०।०० | |
| | रतन्तोली मन्दिर निर्माण | २०००००।०० | २००।०० | |
| | जर्कु शिवालय सतसंग भवन निर्माण | १५००००।०० | १५०।०० | |
| खण | सामाजिक विकास | १४६००००।०० | | |
| १ | शिक्षा | ७६००००।०० | | |
| | जनचेतना आवि मड्रौं घेरवार | १३००००।०० | १३०।०० | |
| | सारदा आवि घेरवार तथा फिल्ड निर्माण | ३०००००।०० | ३००।०० | |
| | शैक्षिक गुणस्तर सुधारका लानि जनचेतना | २५००००।०० | २५०।०० | |
| | विद्यालयस्तरीय अन्तरकृया कृयाकलाप | ५००००।०० | ५०।०० | |
| | शिशु कक्षा शैक्षिक सामग्री | ६००००।०० | ६०।०० | |
| २ | स्वास्थ्य | १६००००।०० | १६०।०० | |
| | बर्थिङ सेन्टर व्यवस्थापन | ६००००।०० | ६०।०० | |
| | पोषण पर्वधन तथा महिला स्वास्थ्य स्वंम सेविकालाई तालिम | १०००००।०० | १००।०० | |
| ३ | संस्कृति प्रवर्द्धन | ६००००।०० | ६०।०० | |
| | कला संस्कृती प्रवर्धन | २००००।०० | २०।०० | |
| | महिला तीज र नारी दिवस | ४००००।०० | | |
| ५ | खेलकुद तथा मनोरंजन | ४५००००।०० | ४५०।०० | |
| | गोपाञ्चल आवि खेल मैदान | १५००००।०० | १५०।०० | |
| | जनचेतना आवि खेल मैदान निर्माण | २५००००।०० | २५०।०० | |
| | खेलकुद प्रतियोगिता | ५००००।०० | ५०।०० | |
| गण | पूर्वाधार विकास | ३८१००००।०० | ३८१०।०० | |
| १ | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | | ०।०० | |
| | सिंगापुर आवि सडक निर्माण | ४०००००।०० | ४००।०० | |
| २ | सिचाई | | ०।०० | |
| | छोया धेउडी सिचाई कुलो निर्माण | ५०००००।०० | ५००।०० | |
| | नानी गाड साल्लेक कुलो निर्माण | ५०००००।०० | ५००।०० | |
| | नागनी सिचाई कुलो मर्मत | २५००००।०० | २५०।०० | |
| | सिराड सिचाई कुलो निर्माण | ३०००००।०० | ३००।०० | |
| | बगान पोखरी निर्माण | १४००००।०० | १४०।०० | |
| | टुडा पोखरी निर्माण | १४००००।०० | १४०।०० | |
| | सितलपुर पोखरी निर्माण | १४००००।०० | १४०।०० | |
| | पन्सास पोखरी निर्माण | १४००००।०० | १४०।०० | |
| | जडी सिचाई कुलो निर्माण | ३०००००।०० | ३००।०० | |
| ३ | भवन तथा सहरी विकास | | ०।०० | |
| | दुर्गा आवि भवन निर्माण | २५००००।०० | २५०।०० | |
| ४ | उर्जा, लघु तथा साना जनविद्युत ढवैकल्पिक उर्जा समेतण | | ०।०० | |
| ५ | विविध | | ०।०० | |
| | ग्वानी देखि खर पिसिसि बाटो निर्माण | २५००००।०० | २५०।०० | |
| ७ | खानेपानी तथा सरसफाई | | ०।०० | |
| | मड्रौं खापा ट्याङ्की निर्माण | १५००००।०० | १५०।०० | |
| | झुसिल खानेपानी ट्याङ्की निर्माण | १५००००।०० | १५०।०० | |
| | बेलानी खापा मुल संरक्षण | २०००००।०० | २००।०० | |
| | जम्मा | ६१३००००।०० | ६१३०।०० | |

सेलौली नगरपालिका वडा नं. २

आ.ब.२०७६।०७७

बजेट तथा कार्यक्रम

| | | | |
|---|---|---|---|
| क) | आर्थिक विकास | ५०००० | |
| | योजनाको नाम | विनियोजित रकम | कैफियत |
| १ | कृषि | ५०००० | |
| | कृषिबिउ बिजन तथा पशु औसदी खरिद | ५०००० | |
| ख) | सामाजिक विकास | १०००००० | |
| १ | शिक्षा | | |
| | धर्मघर मा बि अनुदान | १००००० | |
| | केदारेश्वर मा बि अनुदान | १००००० | |
| | सुदर्शन मा बि अनुदान | १००००० | |
| | कोटेश्वर आ बि अनुदान | ६०००० | |
| | भुवनेश्वर प्रा बि अनुदान | ६०००० | |
| | प्रितिपुर प्रा बि अनुदान | ६०००० | |
| | भावानिस्थान प्रा.बि.अनुदान | ६०००० | |
| | भूमिराज समुदयाक बि. अनुदान | ६०००० | |
| २ | स्वास्थ्य | | |
| | सवास्थ सस्था संचालन तथाबबास्थापन र महिला सवास्थ स्वंम सेविका प्रोत्साहन सलेना र दुर्गास्थान | १००००० | |
| | मातृत्व पासन कार्यक्रम | १००००० | |
| | | | |
| ५ | खेलकुद तथा मनोरंजन | | |
| | वार्ड स्तरीय खेलकुद तथा अन्य कार्यक्रम | २००००० | |
| ग) | पूर्वाधार विकास | ४२७७००० | |
| १ | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | | |
| | सेली सलेना सडक निर्माण | २१०००० | |
| | गवानी चोरा देखि सिमनोला सडक निर्माण | २००००० | |
| | सडक मर्मत व्यवस्थापन वडा भरी | १६०००० | |
| | बुडाकोट लोर्खा मन्दीर निर्माण | ३००००० | |
| | भुमिराज मन्दीर निर्माण | ४५०००० | |
| | कैलपाल मन्दीर व्यवस्थापन | २००००० | |
| | दुर्गा मन्दीर व्यवस्थापन | १५०००० | |
| | उदयदेव मन्दीर कपर्त भान्साघर निर्माण | २५०००० | |

| | | | |
|---|---|---|---|
| | सैपाल मन्दीर व्यवस्थापन | | २००००० |
| | मसार्नी मन्दीर व्यवस्थापन | | ५०००० |
| | लोर्खा भोरा पि.सि.सि बाटो | | ३००००० |
| | समैजी धाम पि.सि.सि बाटो | | १००००० |
| | दलित बस्ती लोर्खा पि.सि.सि बाटो | | १००००० |
| | दलित बस्ती कर्पत पि.सि.सि बाटो | | १००००० |
| | दलित बस्ती गोल्थला नुलथली पि.सि.सि बाटो | | १००००० |
| | गाडीखेत आर.सि.सि पुल | | १५०००० |
| २ | सिचाई | | |
| | बार्सी तल्लो कुलो मर्मत | | १५०००० |
| | खाड पोखरी निमार्ण | | ८०००० |
| | बैना पोखरी निमार्ण | | ८०००० |
| | चमागाउ पोखरी निर्माण | | १००००० |
| | पिराडु पोखरी निर्माण | | ६०००० |
| | गोडं घट्ट सिचाई कुलो मर्मत | | ५०००० |
| ५ | विविध | | |
| | गौरबका योजनाहरु को डी.पी.आर. | | ३५०००० |
| | पुजरागाउँ घट्ट निमार्ण | | ५०००० |
| ७ | खानेपानी तथा सरसफाई | | |
| | कोट खा.पा मर्मत | | ५०००० |
| | टाकटोला खा.पा मर्मत | | २००००० |
| | सान्नोला खा.पा मर्मत | | १७००० |
| | किचानी खा.पा मर्मत | | ७०००० |
| घ) | वातावरण तथा विपद व्यवस्थापन | ५०००० | |
| | कोटाखोला चौतारो निर्माण | | ५०००० |
| ङ) | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | | |
| ८ | क्षमता विकास | २५०००० | |
| | कर्मचारी पदाधिकारी क्षमता अविब्रिद्दी तालिम | | १००००० |
| | कर्मचारी पदाधिकारी भर्मन तथा विबिध | | १५०००० |

५६२७०००

मेलौली नगरपालिका वडा नं. ३

आ.ब.२०७६।०७७

बजेट तथा कार्यक्रम

| | | | |
|---|---|---|---|
| क) | आर्थिक विकास | | |
| | योजनाको नाम | विनियोजित रकम | कैफियत |
| १ | कृषि | १२५०००० | |
| ख) | सामाजिक विकास | | |
| १ | शिक्षा | ३००००० | |
| | प्रितिपुर मा बि लेक अनुदान | ३००००० | |
| | केदार आ बि .कुजगाद कोठा निर्माण | १५०००० | |
| | शान्ति पर्काश आ.बि अनुदान | १००००० | |
| | सुदर्शन मा .बि.लिखोडा अनुदान | ५०००० | |
| | जनचेतना प्रा.वि. बालविकास अनुदान | | |
| २ | स्वास्थ्य | १००००० | |
| | रोपलेक खोप केन्द्रको सोचालय निर्माण र समान खरिद | १००००० | |
| | कुजगाद बरथिंग सेन्टर को सोचालय निर्माणे र समान खरिद | | |
| ३ | संस्कृति प्रवर्द्धन | ५०००० | |
| | सस्किर्ति संरक्षण समाज मा समान खरिद | | |
| | खेलकुद तथा मनोरंजन | १००००० | |
| | वार्ड स्तरीय खेलकुद तथा अन्य कार्यक्रम | ३३२५००० | |
| ग) | पूर्वाधार विकास | | |
| १ | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ४००००० | |
| | स्यालताडी दुर्गास्थान सडक निर्माण | ५००००० | |
| | बागगोठ लेक सडक निर्माण | ५००००० | |
| | ऐचेकाडा डडैन सडक निर्माण | २५०००० | |
| | उदयदेव भन्डार चिनाडी भवन निर्माण र पाइप खरिद | १००००० | |
| | ध्यारायल मन्दीर भान्साघर निर्माण | २००००० | |
| | डडीण गोराघर र्तिर्माण | | |
| २ | सिचाई | १५०००० | |
| | बागगोठ सेला खेत पोखरी निर्माण | २२५००० | |
| | सिल पोखरी निर्माण रातापानी कुलो निर्माण | | |
| ७ | खानेपानी तथा सरसफाई | २००००० | |
| | ठुलीगाड ,लक्ष्मीर्‍या र मल्लाघर पाइप खरिद | २२५००० | |
| | दलित बस्ती सौचालय मर्मत र सरसफाइ | १००००० | |
| | बागोठ पुरानो न्यासो निर्माण | २००००० | |
| | वडा भरी पाइप र सिमेन्ट खरिद | ७५००० | |
| | पल्ली लेक न्यासो मर्मत | २००००० | |
| | मलेना पुरानो न्यालो र पोखरी निर्माण | १७५००० | |
| ङ) | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | | |
| ८ | क्षमता विकास | १७५००० | |
| | कर्मचारी पदाधिकारी भर्मन र सार्वजनी सुनवाई | | |

४७५००००

मेलौली नगरपालिका वडा नं.

आ.ब.२०७६।०७७

बजेट तथा कार्यक्रम

| क) | आर्थिक विकास | १५००००० | |
|---|---|---|---|
| | योजनाको नाम | विनियोजित रकम | कैफियत |
| १ | कृषि | ४५०००० | |
| | कृषक समूह व्यवस्थापन तथा तालिम | १००००० | |
| | कृषि सहकारी तथा कृषि पाठशाला सञ्चालन | २००००० | |
| | ग्वालेक बाखापालन समूहलाई खोर सुधार कार्यक्रम | १५०००० | |
| २ | उद्योग तथा वाणिज्य | १५०००० | |
| | उदयदेव सहकारी आटा चक्की अनुदान | १५०००० | |
| ३ | धार्मिक तथा प्रयटन | ९००००० | |
| | गाडदेउ मन्दिर आगन निर्माण तथा घाट व्यवस्थापन | २००००० | |
| | लाटामाण्डी वामन चौपल्या निर्पाल मन्दिर घेरवार तथा आगन निर्माण | ४००००० | |
| | निर्पाल मन्दिरमा धर्मशाला निर्माण | ३००००० | |
| ख) | सामाजिक विकास | ७३०००० | |
| २ | स्वास्थ्य | | |
| | बर्थिङ सेन्टर व्यवस्थापन तथा जग्गा नामसारी माथिल्लो | १५०००० | |
| | पोषण कार्यक्रम | १००००० | |
| ५ | खेलकुद तथा मनोरंजन | | |
| | युवा जागरण मञ्च व्यवस्थापन तथा खेलकुद | १५०००० | |
| ६ | लैंगिक समानता तथा सामाजिक समावेसिकरण | | |
| | महिला सिलाई कटाई तथा हाते होजेरी कार्यक्रम | २५०००० | |
| | जेष्ठ नागरिक अपाङग सम्मान कार्यक्रम | ८०००० | |
| ग) | पूर्वाधार विकास | २१५०००० | |
| १ | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | | |
| | उदयदेव मन्दिर देखि गर्जल सँम्म पि.सि.सि.बाटो | १०००००० | |
| | उदयदेव मन्दिर देखि वामनी तिमुलीवटा हुदै तल्लीताल सँम्म पि.सि.सि.बाटो | ६००००० | |
| २ | सिचाई | | |
| | भुम्क सकिन्या सिंचाइ तथा वासँ पोखरी निमार्ण | ३५०००० | |
| ७ | खानेपानी तथा सरसफाई | | |
| | गर्जल पानी र पनार वेडासौ मुल सुधार योजना | २००००० | |
| | जम्मा | ४३८०००० | |

मेलौली नगरपालिका वडा नं. ५
आ.व.२०७६।०७७
बजेट तथा कार्यक्रम स्वीकृत बजेटः ४५०००००

| | | | |
|---|---|---|---|
| क) | आर्थिक विकास | ४५०००० | |
| | योजनाको नाम | बिनियोजित रकम | कैफियत |
| १ | कृषि | | |
| | चोराडाडा माछापोखरी निर्माण | ७५००० | |
| | तल्लि पातल माछापालन पोखरी | १००००० | |
| ३ | धार्मिक तथा प्रर्यटन | | |
| | आईखेत भण्डार निर्माण | २७५००० | |
| ख) | सामाजिक विकास | ५७५००० | |
| १ | शिक्षा | | |
| | दुर्गा मा.वि. खलिगाड घेरपर्खाल निर्माण | १५०००० | |
| | दुर्गा मा.वि. खलिगाड राष्ट्रपति रनिङ सिल्ड | २५००० | |
| | चन्द्रपुर आ.वि. पर्खाल निर्माण | १००००० | |
| | शिवशंकर आ.वि. पेल्या निर्माण | १००००० | |
| | | | |
| | गौरी शंकर शिशु फिल्ड निर्माण | ५०००० | |
| १ | स्वास्थ्य | | |
| | पेल्या गाउघर क्लिनिक भवन निर्माण | १००००० | |
| ५ | खेलकुद तथा मनोरंजन | | |
| | मकरसक्रान्ती खुल्ला भलिबल प्रतियोगिता | ५०००० | |
| ६ | लैंगिक समानता तथा सामाजिक समावेसिकरण | | |
| ग) | पूर्वाधार विकास | ३३००००० | |
| १ | सिचाई | | |
| | घरखेत सिचाई कुलो निर्माण | २००००० | |
| | चम्कामाण्डो सिचाई योजना | १५०००० | |
| | खल्लोडा सिचाई | १५०००० | |
| | बिसाखेत सिचाईकुलो | १५०००० | |
| | छिणा सिचाई योजना | २००००० | |
| | झाडिवटा सिचाई कुलो | १२५००० | |
| | मलिना सिचाई पोखरी | ५०००० | |
| | तल्ली पातल सिचाइ कुलो | ७५००० | |
| | मल्लाघर सिचाई पोखरी | १२५००० | |
| ३ | भवन तथा सहरी विकास | | |
| | सिरोडा सामुदायिक भवन निर्माण | २७५००० | |
| ५ | बिविध | | |
| | पेल्या पिसिसि बाटो (२ वटा) निर्माण | २७५००० | |
| ७ | खानेपानी तथा सरसफाई | | |
| | धपाउली खा.पा. निर्माण | २००००० | |
| | गैरिखोला खा.पा. निर्माण | २५०००० | |
| | तल्लेख खा.पा. निर्माण | १५०००० | |
| | भम्क खा.पा. निर्माण | १५०००० | |
| | कार्तिकधारा खा.पा. निर्माण | १००००० | |
| | तोल्या खा.पा. निर्माण | १२५००० | |
| | सुनखोलि धराडाडा खा.पा. | ७५००० | |
| | जुकेपानी नौधर आईखेत खा.पा. | ७५००० | |
| | पार्कीटोल खा.पा. न्वालो मर्मत | ५०००० | |
| | रिठिगाड हिउन्या खा.पा. निर्माण | २००००० | |
| | सुनखोली पन्यानी खा.पा निर्माण | ५०००० | |
| | सुनी खा.पा धारा निर्माण | ५०००० | |
| | चम्साल न्वालो निर्माण | ५०००० | |
| घ) | वातावरण तथा विपद व्यवस्थापन | | |
| | महारुद्र शमसानघाट व्यवस्थापन | १७५००० | |
| | जम्मा | ४५००००० | |

मेलौली नगरपालिका वडा नं. ६

आ.व.२०७६।०७७

बजेट तथा कार्यक्रम

| | | | |
|---|---|---|---|
| क) | आर्थिक विकास | ८१०००० | |
| | योजनाको नाम | विनियोजित रकम | कैफियत |
| १ | कृषि | | |
| | कृषि पाठशाला प्याकेट क्षेत्र शमैलाखेत | ११०००० | |
| | पोषण कार्यक्रम | १००००० | |
| | च्याउ खेती प्रर्वधन कार्यक्रम | १००००० | |
| ३ | धार्मिक तथा प्रयटन | | |
| | लाटा मन्दिर पर्खाल निर्माण | २००००० | |
| | रतन्तुरी मन्दिर पर्खाल निर्माण | १००००० | |
| | भुतलाछो मन्दिर पर्खाल निर्माण | १००००० | |
| | पितरमाण्डौ पर्खाल निर्माण | १००००० | |
| ख) | सामाजिक विकास | ७३५००० | |
| १ | शिक्षा | | |
| | शिशु कक्षा व्यवस्थापन | ४५००० | |
| | बालबालिका गुणस्तरीय शिक्षा | २००००० | |
| २ | स्वास्थ्य | | |
| | स्वास्थय स्वयम सेविका प्रोत्सान तथा फिल्टर वितरण | १४०००० | |
| ५ | खेलकुद तथा मनोरंजन | | |
| | खेलकुद विकास कार्यक्रम तथा बालबालिकालाई अर्न्तकृया कार्यक्रम | १५०००० | |
| ६ | लैंगिक समानता तथा सामाजिक समावेसिकरण | | |
| | महिलाको लागि हाते होजेरी बुनाइ कार्यक्रम | २००००० | |
| ग) | पूर्वाधार विकास | २८००००० | |
| १ | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | | |
| | चौकुने धुड्याडी पि.सि.सि. बाटो | ३००००० | |
| २ | सिचाई | | |
| | वन्चडी टाडी खोला भोल नियन्त्रण | २००००० | |
| | न्वालो निर्माण चिनाडी वन्नेइजर मठानोवालो भडकट्टे | ३००००० | |
| | पोखरी पोखरी निर्माण | ५००००० | |
| | तिलगाँउ सिंचाई कुलो निर्माण | ३००००० | |
| ७ | खानेपानी तथा सरसफाई | | |
| | भोरीवटा डजेधर खानेपानी योजना | ३००००० | |
| | हडेली खानेपानी योजना | ३००००० | |
| | घडरानी वन्चरी कोप स्कुल खानेपानी योजना | ३००००० | |
| | लटाधारा गाजरी खानेपानी योजना | १००००० | |
| | धनाघाट धुड्याडी खानेपानी योजना | २००००० | |
| | | ४३४५००० | |

मेलौली नगरपालिका वडा नं. ७

आ.ब.२०७६।०७७

बजेट तथा कार्यक्रम

| क) | आर्थिक विकास | ३००००० | | |
|---|---|---|---|---|
| | योजनाको नाम | विनियोजित रकम | रकम रु. हजारमा | कैफियत |
| | कृषि | | | |
| १ | विउ विजन खरिद तथा वितरण | ५०००० | ५० | कृषक समुहहरुलाई |
| २ | केरा खेति उत्पादन (तोल्या , लल्डोल काँडा ) | ५०००० | ५० | (तोल्या , लल्डोल काँडा ) |
| | पशु | | | |
| १ | पशुपन्छिका लागी उपकरण खरिद | १००००० | १०० | वडा कार्यालयमा |
| १ | आरन सामाग्री खरिद | १००००० | १०० | |
| ख) | सामाजिक विकास | १४०६००० | | |
| | शिक्षा | | | |
| १ | मेयर कप भलिवल प्रतियोगिताका लागी | ७०००० | ७० | वडा बाट |
| २ | अन्तर वडा स्तरीय आधारभुत तह हाजिरिजवाफ प्रतियोगीता र खेलकुद कार्यक्रम | ६६००० | ६६ | वडा कार्यालयमा |
| ३ | नेत्रज्योती आ.वि.ई-पार्टी मर्मत कोष | २०००० | २० | काँडा |
| ४ | लक्ष्मिपुर आ.वि.ई-पार्टी मर्मत कोष | २०००० | २० | पचकोरा |
| ५ | नेत्रज्योती भवन निर्माण | ४००००० | ४०० | काँडा |
| ६ | भरतपुर मा.वि.को लागी सोलार खरिद | ३५०००० | ३५० | गाँउकोट |
| ७ | शिशु कक्षा व्यवस्थापन | ५०००० | ५० | वडा भरी |
| ८ | कम्प्युटर तालिम कक्षा ८ र १० का उतकृष्ट विद्यार्थिहरलाई | १८०००० | १८० | वडा कार्यालयमा |
| | | | ० | |
| | स्वास्थ्य | | | |
| १ | तोल्या खोप तथा वर्थिङ सेन्टर निर्माण | २००००० | २०० | तोल्या |
| | | | ० | |
| | संस्कृति प्रवर्द्धन | | | |
| १ | महिला तीज र नारी दिवस | ५०००० | ५० | वडा कार्यालयमा |
| ग) | पूर्वाधार विकास | ३११९००० | ३११९ | |
| १ | नाइक मऱ्या पि.सि.सि.बाटो निर्माण | १६९००० | १६९ | नाइक मऱ्या, कुन्यसा टोल |
| १ | उदयदेव मन्दिर भवन निर्माण | १८०००० | १८० | जेउडे |
| २ | गैसेर मन्दिर घेरपखौल निर्माण | ५०००० | ५० | गैरसनी |
| ३ | खानेपानी,सिंचाईका लागी पाईप खरिद | २६०००० | २६० | वडा कार्यालयमा |
| ४ | हरदेव मन्दिरको भुराड निर्माण | १९०००० | १९० | तोल्या |
| ५ | वडवाव मन्दिर निर्माण | १५०००० | १५० | ओभागाँउ |
| ६ | जगरगडा मन्दिर पर्खाल निर्माण | १५०००० | १५० | पचकोरा |

| | | | | |
|---|---|---|---|---|
| ७ | शिवालयमा सिडि निर्माण | १५०००० | १५० | काँडा |
| ८ | शिवमन्दिर गेट सिडी निर्माण | १३०००० | १३० | ओभ्कागाेउ |
| ९ | वोरगांउदेखि भरतपुर मा.वि.सम्म पि.सि.सि.वाटो निर्माण | २००००० | २०० | गाँउकोट |
| १० | पितरमाण्डौ पर्खाल निर्माण | १००००० | १०० | काँडा |
| १० | कनलेकेदार मन्दिर घेरवार तथा पर्खाल निर्माण | १५०००० | १५० | दलित वस्ति पचकोरा |
| | सिचाई | | ० | |
| १ | वनाली सिचाँई पोखरी निर्माण | १५०००० | १५० | वनाली |
| २ | सिँचाई पोखरी निर्माण भुराडी गैर | १००००० | १०० | रीङा |
| ३ | घट्टिगाड सिचाँई कुलो निर्माण | २००००० | २०० | गाँउकोट |
| ४ | वर्पतिउला विचकुलो निर्माण | १५०००० | १५० | काँडा |
| | खानेपानी तथा सरसफाई | | ० | |
| १ | पटौट मुल संरक्षण | ५०००० | ५० | काँडा पटौट |
| २ | पटौट चौडमुल संरक्षण | ५०००० | ५० | काँडा पटौठ |
| ३ | लल्लि काँडा खा.पा.मुल संरक्षण | ५०००० | ५० | काँडा |
| ४ | दवानी खा.पा.योजना | २५०००० | २५० | दवानी |
| ५ | गैरसनि खा.पा.योजना | २४०००० | २४० | गैरसनी |
| घ) | वातावरण तथा विपद व्यवस्थापन | २६५००० | २६५ | |
| १ | वडा कार्यालय रंगरोगन र सौचालय मर्मत | ६०००० | ६० | वडा कार्यालयमा |
| २ | काँडा बजार देखि वडा कार्यालय सम्म फोहर व्यवस्थापन | ९५००० | ९५ | वडा कार्यालय बाट |
| ३ | वडा भरिका विद्यालय र संघ संस्थाहरुमा वृक्षारोपण | ६०००० | ६० | वडा कार्यालय बाट |
| ४ | भरतपुर मा.वि.मा चौतारो निर्माण | ५०००० | ५० | गाँउकोट |
| ङ) | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १००००० | १०० | |
| १ | वडा भरिका विभिन्न समुह संस्थाहरुको क्षमता अभिवृद्धि तालिम | ३०००० | ३० | |
| २ | सुशासन अभिवृद्धि तथा सार्वजनिक सुनवाई कार्यक्रम | ७०००० | ७० | वडा कार्यालयमा |
| | जम्मा | ५१९०००० | ५१९० | |

**मलाली नगरपालिका वडा न. ८**
**आ.ब.२०७६।०७७**
**बजेट तथा कार्यक्रम**

| | | | |
|---|---|---|---|
| क) | आर्थिक विकास | ४५०००० | |
| | योजनाको नाम | विनियोजित रकम | कैफियत |
| १ | कृषि | | |
| | मौसमी बेमौसमी बिउबिजन खरिद | ५०००० | |
| | पशु औषधी खरिद | ५०००० | |
| ३ | धार्मिक तथा प्रयटन | | |
| | निलपाल मन्दिर फिल्ड निर्माण | २००००० | |
| | गंगेश्वर मन्दिर फिल्ड निर्माण | १००००० | |
| ४ | सहकारी | | |
| | सहकारी व्यवस्थापन | ५०००० | |
| ख) | सामाजिक विकास | ७३०००० | |
| १ | शिक्षा | | |
| | शिशु कक्षा व्यवस्थापन | ४०००० | |
| २ | स्वास्थ्य | | |
| | मौरीइजर बर्थिङ सेन्टर माथिल्लो तला तथा फिल्ड निर्माण | २००००० | |
| | स्वास्थ्य औषधी खरिद तथा स्टेचर | १००००० | |
| | स्वयम सेविका खाजा भत्ता | २०००० | |
| | तल्लो नया गाउघर क्लिनिक व्यवस्थापन | २०००० | |
| ५ | खेलकुद तथा मनोरंजन | | |
| | वडास्तरीय खेलकुद प्रतियोगिता | ७०००० | |
| ६ | लैंगिक समानता तथा सामाजिक समावेसिकरण | | |
| | महिलाका लागि सिपमूलक कार्यक्रम | १२०००० | |
| | दलित कार्यक्रम | ३५००० | |
| | बालबालिका पोषण तथा बाल संजाल पुर्नगठन कार्यक्रम | २५००० | |
| | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १००००० | |
| ग) | पूर्वाधार विकास | ३२६०००० | |
| २ | सिंचाई | | |
| | चाप अटपाल सिंचाइ कुले निमाणे | ५००००० | |
| | सलगडा पेखरी तथा न्वाला निमाणे | २००००० | |
| | तल्लो सुनी गलाडी सिंचाई कुलो निमार्ण | ५००००० | क्रमागत |
| | | | |
| ३ | भवन तथा सहरी विकास | | |
| | श्री निलपाल आ.वि. २ कोठे भवन निर्माण | ८००००० | क्रमागत |
| | श्री गंगेश्वर आ.वि. मा निजि शिक्षक व्यवस्थापन | २६०००० | |
| | श्री कमलपुर मा.वि. फिल्ड निर्माण | २००००० | |
| | बेताल बालविकास केन्द्र जमाडीमा १ कोठे शौचालय निर्माण | ५०००० | |
| ७ | खानेपानी तथा सरसफाई | | |
| | हरडा मौरीइजर खानेपानी निर्माण | ५००००० | क्रमागत |
| | हरडा लेक सिराड खानेपानी मर्मत | १००००० | |
| | सुनी चौडेला खानेपानी निर्माण | १५०००० | |
| | जम्मा | ४४४०००० | |

मेलौली नगरपालिका वडा नं. ९
आ.ब.२०७६।०७७
बजेट तथा कार्यक्रम

| क) | सामाजिक विकास | १३३०००० | |
|---|---|---|---|
| | योजनाको नाम | विनियोजित रकम | कैफियत |
| १ | शिक्षा | | |
| | बिशालपुर मा .बि. फिल्ड निर्माण | २००००० | |
| | कोल्टडा प्रा बि भवन निर्मण | ३५०००० | |
| | शिब आ बि पर्खाल निर्माण | १००००० | |
| | नवज्योती शिशु कक्षा व्यवस्थापन | ५५००० | |
| २ | स्वास्थ्य | | |
| | स्वास्थ्य व्यवस्थापन | १५०००० | |
| ५ | खेलकुद तथा मनोरंजन | | |
| | वार्ड स्तरीय खेलकुद तथा अन्य कार्यक्रम | १००००० | |
| ६ | लैंगिक समानता तथा सामाजिक समावेसिकरण | | |
| | बाल बिवाहह न्युनिकरण | ७५००० | |
| | लक्षीत बर्ग कार्यक्रम | ३००००० | |
| ग) | पूर्वाधार विकास | ३०८०००० | |
| १ | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | | |
| | हरडाखान बडा कार्यालय सडक निर्माण | ४००००० | |
| | वडा कार्यालय फील्ड निमार्ण | १००००० | |
| | बुसिल बाटो निर्माण | १००००० | |
| | शिब आ.वि. देखि केदारमान्डौ सम्म बाटो निर्माण | ५०००० | |
| | मंगलसेर पर्खाल निर्माण | १००००० | |
| २ | सिचाई | | |
| | बलम कट्या पोखरी निर्माण | १८०००० | |
| | लिमड कुलो निर्माण | २००००० | |
| | अनकुला पोखरी निमार्ण | १८०००० | |
| | गनोला मुल मर्मत तथा कुलो निर्माण | २००००० | |
| | राजीखाली पोखरी निर्माण | १८०००० | |
| | कोलतडी कुलो निमार्ण | १५०००० | |
| | धनसेरा सिचाइ पाइप खरिद | ५०००० | |
| | सिम सिचाई पोखरी निर्माण | १८०००० | |
| ५ | विविध | | |
| | वडा कार्यालय देखि नव ज्योति सम्म को डी.पी.आर. | १००००० | |
| ७ | खानेपानी तथा सरसफाई | | |
| | असुर रोकटा खानेपानी मर्मत | २००००० | |
| | सामुदाइक खानेपानी मर्मत | २००००० | |
| | सिमगड न्वालो मर्मत | ५०००० | |
| | शिव मन्दीर न्वालो निर्माण | १५०००० | |
| | वडा अर्न्तगत रहेका खा.पा.का लागी पाइप खरिद | ३१०००० | |
| | | ४४१०००० | |

# मेलौली नगरपालिका विनियोजन ऐन २०७६

**मेलौली नगरपालिकाको आर्थिक बर्ष २०७६/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।**

**प्रस्तावना**: मेलौली नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागी स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न वाञ्छनिय भएकाले, नेपालको संबिधानको धारा २२९ को उप धारा (२) बमोजिम मेलौली नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम मेलौली नगरपालीकाको विनियोजन ऐन, २०७६ बनाएको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७६/०७७ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार** (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त नगर कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लेखित चालू खर्च, पूजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ३७,६५,८९,०००।-(अक्षेरुपी रु. सैतीस करोड पैसठ्ठी लाख उनानब्बे हजार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन** (१) यस ऐन द्वारा संचित कोषबाट रकम खर्च गर्ने अधिकार दिईएको रकम आर्थिक वर्ष २०७६ को निमित्त मेलौली नगरपालिकाको/नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सकिनेछ ।यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साबा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साबा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन् ।

तर चालू तथा पूजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ ।